बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
श्रीपुर,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०७७/७८
चलानी नं.

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय श्रीपुर कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०७८/०२/१६

## कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा बन्द हुने सम्बन्धी

## जरूरी सूचना

यस कञ्चनपुर जिल्लामा नयाँ भेरियण्ट सहितको कोभिड-१९ को संक्रमण पछिल्ला दिनहरूमा उच्चतम दरमा फैलिदैं गरेको सन्दर्भमा सोको रोकथाम, निदान र उपचारको लागि जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८/०२/१३ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा (६) एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) को अधिकार प्रयोग गरी कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जिल्लाभर मिति २०७८/०२/२२ गते राती १२.०० बजे सम्म अत्यावश्यक सेवा बाहेकका अन्य सबैखाले सेवा तथा सार्वजनिक आवागमनमा निषेधाज्ञा जारी भएको विषय सबैमा जानकारी नै छ । उल्लिखित अवस्थामा यस नगरपालिकामा पनि कोभिड-१९ को संक्रमण हुन नदिन, निदान, नियन्त्रण र उपचारका लागि यस कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूबाट नितान्त अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरू <u>अर्को सूचना जारी नभएसम्मका लागि</u> बन्द गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधाका लागि कार्यालय क्षमा प्रार्थी छ । कोभिड-१९ को संक्रमण हुन नदिन, निदान, नियन्त्रण र उपचारको लागि नगरबासी सबैबाट आआफ्नो स्थानबाट सक्दो सहयोग हुने नै छ भन्ने यस कार्यालयले अपेक्षा लिएको छ ।

कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फ्याक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश
मिति: २०७८।०२।१३

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण पछिल्ला दिनहरुमा उच्चदरमा फैलिदै गईरहेको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०२।१३ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०२।१५ गते राती १२:०० बजे देखि मिति २०७८।०२।२२ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. औषधि उपचार र यस आदेशमा उल्लेख भए बमोजिमका अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिडडुल गर्न नपाइने।
२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनौरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।
३. स्वास्थ्य सेवा, दुध डेरी तथा पेट्रोलियम पदार्थ सम्बन्धी पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय सञ्चालन गर्न नपाइने।
४. तरकारी तथा फलफूलको हकमा सम्बन्धित स्थानीय तह र उद्योग वाणिज्य संघको समन्वयमा स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गरी हरेक आइतबार र बुधवार बिहान ६:०० बजे देखि ९:०० बजे सम्म घुम्ती पसल सञ्चालन गर्न सकिने।
५. खाद्य वस्तुका पसल/व्यवसाय हरेक आइतबार र बुधवार बिहान ६:०० बजे देखि ९:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने।
६. स्वास्थ्य सेवा, खाद्य वस्तु लगायतका अत्यावश्यक पसल व्यवसायमा सामाजिक दुरी कायम गर्ने लगायत स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ। यस विपरित भए गरेको पाईएमा सम्बन्धित व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।
७. अत्यावश्यक मालसामान ढुवानीका साधन बाहेक अन्य सबै सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने।
८. राष्ट्रिय गौरवको आयोजनाको हकमा निर्माण सामग्री, उपकरण र कामदार निर्माणस्थलमा नै राखी निर्माण कार्य गर्ने बाहेक सबै निर्माण कार्य स्थगन गर्ने।
९. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने। अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयले कम संख्यामा कर्मचारी तथा सवारी साधन प्रयोग गरी कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने व्यवस्था मिलाउने। यस विपरित कर्मचारीको आवागमन एवं सवारी साधन प्रयोग नगर्ने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फ्याक्स नं. :५२४९९०

१०. राजस्व दाखिला र सरकारी कारोबार बाहेक बैंक तथा वित्तीय संस्थाको सबै सेवा बन्द हुने। बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यक भुक्तानीको लागि ATM तथा विद्युतीय प्रणालीबाट सेवा प्रवाहको समुचित प्रबन्ध गर्ने। सर्वसाधारणले ATM को प्रयोग खाद्य वस्तु खरिद बिक्री गर्ने समयमा गर्न सक्ने।
११. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने।
१२. संचारकर्मीको हकमा पत्रकार महासंघको सिफारिसमा यस कार्यालयबाट साविकमा उपलब्ध गराइएको पास वा सूचना तथा प्रसारण विभागबाट जारी भएको पत्रकार परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने।
१३. विवाह तथा व्रतबन्धको हकमा बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी सम्बन्धित "क" वर्गको ईलाका प्रहरी कार्यालयबाट अनुमति तथा पास जारी गर्ने। विवाह तथा व्रतबन्धको लागि होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने।
१४. अत्यावश्यक अवस्थामा नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने। अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने। नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेक्समा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने।
१५. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ।

यस आदेशको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ। आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२०७८।०२।१३

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फ्याक्स नं. :५२४११०

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np

प.सं. ०७७/०७८
च.नं.

## आदेशको उल्लङ्घन वा बाधा अवरोध गरेमा हुने सजाय सम्बन्धी जानकारी

कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धमा जारी भएको आदेशको उल्लङ्घन वा बाधा अवरोध सिर्जना गरेको पाइएमा देहाय अनुसार सजाय जरिवाना हुन सक्ने भएकोले सम्बन्धित सबैमा आवश्यक सचेतनाका लागि अनुरोध छ।

१. **कसुर तथा सजाय (दफा १९):**
   (क) आदेश बमोजिमको कुनै काम गर्न बाधा अवरोध सिर्जना गरेमा एक वर्ष सम्म कैद वा पाँच लाख रुपैयासम्म जरिवाना वा दुवै सजाय
   (ख) जारी भएको मापदण्डको पालना नगरेमा छ महिनासम्म कैद वा तीन लाख रुपैयासम्म जरिवाना वा दुवै सजाय

२. **प्रमुख जिल्ला अधिकारीले तत्काल गर्न सक्ने जरिवाना (दफा २१ को १):**
   (क) कुनै व्यक्तिले आदेशको उल्लङ्घन गरेकोमा एक लाख रुपैयाँसम्म
   (ख) कुनै संस्थाले आदेशको उल्लङ्घन गरेकोमा पाँच लाख रुपैयाँसम्म

३. **सुरक्षाकर्मीले तत्काल गर्न सक्ने जरिवाना(दफा २१ को २):**
   (क) मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकैपिच्छे एक सय रुपैया
   (ख) मानिसको आवतजावतमा रोक लगाईएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लङ्घन गर्नेलाई पटकै पिच्छे दुई सय रुपैयाँ
   (ग) सवारी साधनको आवतजावतमा रोक लगाईएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमति बिना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा बिरामी ओसारपसार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए दुई हजार रुपैयाँ र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ जरिवाना गरी त्यस्तो सवारी साधन सुरक्षाकर्मीले निश्चित समयसम्म नियन्त्रणमा लिन सक्ने

४. **संस्था वा व्यवसाय बन्द गर्न सक्ने(दफा २२):** आदेश विपरित काम गर्ने संस्था वा व्यवसायलाई सजायको अतिरिक्त प्रमुख जिल्ला अधिकारीले छ महिनासम्मको लागि बन्द गर्न आदेश दिन सक्ने

५. **जिम्मेवारी मुक्त गरी विभागीय सजाय(दफा २४):** आदेशको पालना नगर्ने, जिम्मेवारीबाट पन्छिने, काममा ढिलासुस्ती गर्ने, आफ्नो पदीय दायित्व समयमा निर्वाह नगर्ने वा आदेश विपरित कार्य गर्ने कर्मचारीलाई जिम्मेवारीबाट तत्काल मुक्त गरी प्रचलित कानून बमोजिम विभागीय सजाय हुने

६. **कालोबजारी नियन्त्रण(दफा २८):** कालोबजारी नियन्त्रण तथा जारी आदेश कार्यान्वयनको लागि जुनसुकै उद्योग वा व्यवसायको अनुगमन गर्न सकिने। अनुगमन गर्दा जुनसुकै स्थानमा प्रवेश गर्न र जाँच गर्न सकिने। जाँच गर्दा कृतिम अभाव सिर्जना गरी आवश्यक्ताभन्दा बढी सामान राखेको, अवधि समाप्त भएको औषधी वा सामान राखेको वा बिक्री वितरण गरेको वा निर्धारित मूल्यभन्दा बढी मूल्यमा औषधी वा सामान बिक्री गरेको पाइएमा त्यस्तो औषधी वा सामान जफत गरी प्रचलित कानूनबमोजिम कारवाही गरिने

७. **स्वास्थ्यकर्मीको सुरक्षा(दफा ३१):** कसैले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको काममा कार्यरत स्वास्थ्यकर्मीलाई दुर्व्यवहार गरेमा, हातपात गरेमा वा स्वास्थ्य संस्था तोडफोड गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुने

२०७८/०१/१९

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"